# शैलुङ गाउँपालिका
**Shailung Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

काटाकुटी, दोलखा
Katakuti, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No. Province, Nepal.


प.सं. : २०७५/७६

मिति : २०७५/०५/०४

### सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली पेश गर्ने सम्बन्धी सूचना

यस गाउँपालिकामा आगामी आ.ब. २०७६/७७ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि नयाँ नामावली संकलन गर्ने सन्दर्भमा ***सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि (संशोधन सहित) २०७२ बमोजिम*** २०७६ साल आषाढ मसान्त सम्म ७० वर्ष उमेर पुरा हुने जेष्ठ नागरिकहरु, २०७६ साल आषाढ मसान्त सम्म ६० वर्ष उमेर पुरा हुने दलित वर्गका जेष्ठ नागरिकहरु, ६० वर्ष उमेर पुगेका अविवाहित वा सम्बन्ध विच्छेद भएका एकल महिला, विधवा, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा ५ वर्ष ननाघेका दलित परिवारका एक आमाबाट जन्मेका बढीमा दुई बालबालिकाहरुले देहाय बमोजिमको कागजात सहित सम्बन्धित वडा कार्यालयमा २०७५ मंसीर १५ गते भित्र निर्धारित ढाँचामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :</u>

१) जेष्ठ नागरिक र दलित जेष्ठ नागरिकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो ।

२) एकल महिलाको हकमा अविवाहित प्रमाणित कागजात (सर्जमिन) वा सम्बन्ध विच्छेद भएको प्रमाण खुल्ने कागजात, नागरिकता प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो ।

३) विधवाको हकमा पतिको मृत्युदर्ताको प्रमाण पत्रको प्रतिलिपी, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो ।

४) पूर्ण अशक्त अपाङ्गता भएको व्यक्तिको हकमा जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयबाट प्राप्त भएको रातो रंगको (क वर्गको) अपाङ्गता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साईजको फोटो।

५) आति अशक्त अपाङ्गता भएका व्यक्तिको हकमा जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयबाट प्राप्त भएको निलो रंगको (ख वर्गको) अपाङ्गताको परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो ।

६) दलित परिवारका बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२०७५/०५/०५

............................
रमेश विश्वकर्मा (सुनार)

रमेश विश्वकर्मा (सुनार)

वेभसाइट : www.shailungmun.gov.np    इ-मेल : ito.shailungmun@gmail.com